## पाँचखपन नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ७ (सात) | आ.व. २०७८/०७९

मितिः २०७८ माघ २८ गते शुक्रवार | समयः दिनको २:०० बजे

आज मिति २०७८।१०।२८ गते शुक्रवारका दिन पाँचखपन नगर कार्यपालिकाको सातौं बैठक नगर प्रमुख श्री विपिन राईज्यूको अध्यक्षतामा निम्न लिखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

| क.सं. | दर्जा | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विपिन राई | | |
| २ | नगर उपप्रमुख | श्री भिमादेवी राई | | |
| ३ | अध्यक्ष, वडा नं. १ | श्री टेक बहादुर वुढाथोकी | | |
| ४ | अध्यक्ष, वडा नं. २ | श्री उत्तम दाहाल | | |
| ५ | अध्यक्ष, वडा नं. ३ | श्री शुकराज राई | | |
| ६ | अध्यक्ष, वडा नं. ४ | श्री काजी बहादुर तामाङ | | |
| ७ | अध्यक्ष, वडा नं ५ | श्री राम बहादुर तामाङ | | |
| ८ | अध्यक्ष, वडा नं ६ | श्री नरेश कुमार श्रेष्ठ | | |
| ९ | अध्यक्ष, वडा नं. ७ | श्री कृष्ण बहादुर खड्का | | |
| १० | अध्यक्ष, वडा नं ८ | श्री छत्र बहादुर न्यौपाने | | |
| ११ | अध्यक्ष, वडा नं. ९ | श्री कुल बहादुर तामाङ | | |
| १२ | कार्यपालिका सदस्य | श्री सीता तामाङ | | |
| १३ | " " | श्री मधु तामाङ | | |
| १४ | " " | श्री नन्द कुमारी श्रेष्ठ | नन्द कुमारी | |
| १५ | कार्यपालिका सदस्य | श्री पदम केशर राई | | |
| १६ | " " | श्री ठाकुर प्रसाद राई | | |
| १७ | " " | श्री पेमाछिरी शेर्पा | | |
| १८ | " " | श्री मन्जु श्रेष्ठ | | |
| १९ | " " | श्री मैया गदाल | | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री मणिराम खतिवडा | | |

प्रस्ताव तथा निर्णयहरुः

१. डि.पि.आर. स्वीकृत सम्बन्धमाः

पाँचखपन नगपालिकाकको प्रशासकीय भवन निर्माणको लागि United Nepal Engineering Consultancy Pvt.Ltd. ले तयार गरेको रु.१५८३०००००।- (पन्ध्र करोड त्रियासी लाख) को डि.पि.आर. स्वीकृत गर्ने निर्णय गरियो ।

२. पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमाः

यस पाँचखपन नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि रु.१५८३०००००।- (पन्ध्र करोड त्रियासी लाख) को डि.पि.आर. तयार भएको र उक्त भवन निर्माणको लागि सङ्घीय सरकारद्वारा रु.६०००००००।- (छ करोड) र यस नगरपालिकाद्वारा लागत साझेदारी रु. रु.६०००००००।- (छ करोड) गरि जम्मा रु. १२०००००००।- (बाह्र करोड) को स्रोत सुनिश्चित भएता पनि भवन निर्माणको लागि डि.पि.आर. अनुसार टेक्का आह्वान गर्न रु.३८३०००००।- (तिन करोड त्रियासी लाख) बजेटको स्रोत सुनिश्चित हुन नसकेकोले उक्त अपुग रकमको श्रोत सुनिश्चितताको लागि सङ्घीय सरकारलाई अनुरोध गर्ने र यदि सङ्घीय सरकारद्वारा पनि श्रोत नजुटेमा यसै नगरपालिकाद्वारा उल्लेखित अपुग रकम समेत साझेदारी गर्ने गरि जम्मा रु.१५८३०००००।- (पन्ध्र करोड त्रियासी लाख) को ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

३. किसान सूचीकरण सहजकर्ता छनौटको लागि समन्वय तथा छनौट समिति सम्बन्धमाः

क) यस नगरपालिका अन्तर्गत किसान सूचीकरण कार्यक्रमको लागि किसान सूचीकरण सहजकर्ता छनौट गर्नको लागि किसान सूचीकरण कार्यक्रम कार्यन्वयन विधि, २०७७ को दफा १८ बमोजिम देहाय बमोजिम किसान सूचीकरण कार्यक्रम कार्यन्वयन तथा समन्वय समिति गठन गठन गर्ने निर्णय गरियो ।

अ) उपप्रमुख श्री भिमादेवी राई -संयोजक
आ) आर्थिक विकास समिति संयोजक श्री छत्र बहादुर न्यौपाने -सदस्य
इ) प.स्वा.प्रा. पाँचौ श्री रञ्जनसिंह कुसवाहा -सदस्य
ई) ना.प्रा.स. श्री दिक्षा राई -सदस्य सचिव

ख) सहजकर्ता छनौटको लागि देहाय बमोजिम छनौट समिति गठन गर्ने निर्णय गरियो ।

अ) सूचना प्रविधि अधिकृत श्री जिवन श्रेष्ठ -संयोजक
आ) प्रा.स. श्री इन्द्र बहादुर कार्की -सदस्य
इ) ना.प्रा.स. श्री दिक्षा राई -सदस्य सचिव

छनौट समितिद्वारा छनौट भएका उम्मेद्वारहरु किसान सूचीकरण कार्यक्रम कार्यन्वयन तथा समन्वय समितिद्वारा अनुमोदन गराई सिफारिसको लागि पाँचखपन नगरकार्यपालिकाको कार्यालयलाई अनुमति दिने निर्णय गरियो ।

४. आर्थिक सहायता सम्बन्धमाः

यस पाँचखपन नगरपालिका क्षेत्रभित्र बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक विपत्तीमा परेका र आर्थिक अवस्था अत्यन्त कमजोर भएका देहाय बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई तपसिल बमोजिम विपदमा परेका समुहलाई आर्थिक सहायता शिर्षकबाट खर्च हुनेगरी आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम, थर | वडा नं. | रकम रु. | कै. |
|---|---|---|---|---|
| १ | मसिनि माया लिम्बू | ९ | १०००० | |
| २ | रन बहादुर घिमिरे | २ | १०००० | |
| ३ | पदम बहादुर कुमाल | ५ | १५००० | खानेपानी मर्मत |
| ४ | तिलक तामाङ | ७ | १०००० | |

बिपिन राई
नगर प्रमुख

**५ जग्गा प्राप्ति सम्बन्धमा**

जिल्ला संखुवासभा साविक स्यावुन गा.वि.स. वडा नं ६ हाल पाँचखपन नगरपालिका वडा नं. १ निवासी ना.प्र.नं. ६१८/४०८३२ संखुवासभाका श्री टेक बहादुर लिम्बूको नाममा नाप नक्सा भई जग्गा धनी दर्ता प्रमाण पूर्जा भएको जिल्ला संखुवासभा साविक स्यावुन गा.वि.स. वडा नं. ६ हाल पाँचखपन नगरपालिका वडा नं. १ स्थित कित्ता नं. १०१४ क्षेत्रफल ३०३८ व.मि. मध्ये उत्तरतर्फबाट क्षेत्रफल १२९८ व.मि. जग्गा सामुदायिक भवन निर्माणको लागि खरिद गरि पाँचखपन नगर कार्यपालिकाको कार्यालय, संखुवासभाको नाममा प्राप्ति गर्न देहाय बमोजिमका कागजातहरु संलग्न राखि स्वीकृतिको लागि श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं पठाउने निर्णय गरियो ।

तपसिलः

१. जग्गाधनी श्री टेक बहादुर लिम्बूको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि थान-१

२. उल्लिखित कि.नं. १०१४ को जग्गाको नक्सा प्रतिलिपि थान-१

३. नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि थान-१

४. उल्लिखित जग्गा खरिदको लागि बजेट विनियोजनको निर्णय प्रतिलिपि थान-१

**६ योजना सम्झौता तथा भुक्तानी सम्बन्धमा**

यस पाँचखपन नगरपालिका संखुवासभा अन्तर्गत चालु आ.व. ०७८/७९ को लागि बजेट विनियोजन भएका योजनाहरुमध्ये नगर कार्यपालिकाको कार्यालयको नाममा जग्गा रजिष्ट्रेशन पास नभई सम्वन्धित जग्गाधनीको नाममा रहेको जग्गामा निर्माण गर्ने गरि हालसम्म सम्झौताभई काम सम्पन्न भएका सामुदायिक भवन लगायतका ठोस निर्माण कार्य/योजनाहरुको भुक्तानी नगर कार्यपालिकाको कार्यालयबाट सम्बन्धित उपभोक्ता समिति वा निर्माण कम्पनिलाई उपलब्ध गराउने तथा सो सम्बन्धमा जबाफदेही र जिम्मेवारी यस नगर कार्यापालीका र सम्बन्धित वडा समितिले बहन गरि उल्लिखित जग्गा नगर कार्यपालिकाको कार्यालयको नाममा यथाशिघ्र रजिष्ट्रेशन पास गर्न आवश्यक पहल गर्ने र विगतमा नगरपालिकाको अनुदानबाट उल्लिखित बमोजिम काम भएको र नगर कार्यपालिकाको कार्यालयको नाममा जग्ग नामसारी भईनसकेको जग्गा समेत नगर कार्यपालिका एवं सम्बन्धित वडा समितिको पहलमा यथाशिघ्र नगर कार्यापालिकाको कार्यालयको नाममा रजिष्ट्रशन पास गराउने साथै अब उप्रान्त नगर कार्यपालिकाको कार्यालयको नाममा जग्गा रजिष्ट्रशन पास नभएका जग्गामा उल्लिखित प्रकृतिका योजनाको नाममा बजेट विनियोजन तथा कार्यान्वयन नगर्ने साथै ठेक्का प्रक्रियामा जान समय अभावको कारण चालु आ.व. मा बजेट विनियोजन भएका बढीमा एक करोड रुपैयाँ सम्मका योजनाहरु प्राविधिकले तयार गरेको लागत अनुमान बमोजिम उपभोक्ता समितिबाट मेशिनरी उपकरण समेत प्रयोग गरि कामकाज गराउन नगर कार्यपालिकाको कार्यालयबाट सम्झौता गरि कार्यान्वयन गराउने एवं विगतामा सम्झौता भएका उल्लिखित प्रकृतिका योजनाको काम सम्पन्न भए पश्चात नगर कार्यपालिकाको कार्यालयबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

७. लाभग्राही परिवर्तन सम्बन्धमा

आ.व. २०७७/२०७८ मा यस पाँचखपन नगरपालिका, संखुवासभा अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमको लागि सिफारिस भएका १०४२ घरधुरीमध्ये पहिलो १५० घरधुरीको लागि सघन शहरी तथा भवन निर्माण आयोजना धनकुटाबाट स्वीकृति प्राप्त गरेका वडा नं १ अन्तर्गत तपसिलका लाभग्राहीहरुलाई पटक पटक ताकेता गर्दा पनि सम्झौता नगरेको भनि साविकका तपसिलमा उल्लिखित लाभग्राहीहरु परिवर्तन गरि देहाय बमोजिम सि.नं. का लाभग्राहीहरु कायम गरि सो बमोजिम सम्झौता गरि कार्यान्वयनको लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिसभइ आएको हुँदा सघन शहरी तथा भवन निर्माण आयोजना धनकुटामा स्वीकृतिको लागि पठाउने निर्णय गरियो ।

तपसिल

| सि.नं. | सम्झौता गर्न नआएको कारण लाभग्राहीकोको सूचीबाट हटाउन सिफारिस गरिएका व्यक्तिको नाम थर | ना. प्र. नं. (सं.स.) | सि.नं. | लाभग्राहीको सूचीमा समावेश गर्न स्वीकृतिको लागि सिफारिस गरिएका व्यक्तिको नाम थर | ना. प्र. नं. (सं.स.) |
|---|---|---|---|---|---|
| २४ | मिङमा शेर्पा | १०१००३/२२४ | ५३१ | प्रेम ब. विश्वकर्मा | ८५९/२८७५७ |
| ३० | भोलामान तामाङ | ३४४६/२२८ | ५४७ | नारान विश्वकर्मा | ३३४/३६७ |
| ४० | आइत माया तामाङ | १०३००३/४८६ | १९१ | केशर सिंह राई | ९५३/२९४ |
| ४२ | भिम ब. तामाङ | ९५७७/९५९ | ४३२ | दिल ब. राई | ३६४५ |
| ४३ | सिंम ब. तामाङ | १२९३/१६९ | १०३७ | पदमनाथ गिरी | ३५७६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३० | विष्णुमाया कार्की | १९१३ | २१५ | नन्दबहादुर थापा | २२३८/५०३२७ |
| १२७ | टिकाराम तामाङ | १०१००३/१७९ | ९२५ | फुलमाया तामाङ | १७१२/६५ |
| ५९ | ताराकुमार राई | ८४०/४६४९६ | २५३ | ताराबहादुर लिम्बु | १०३००३/४५० |
| ४५ | लक्ष्मीमाया दर्जी | १०३००३/२११ | २४८ | सुजन खालिङ | ५९३६/१४४ |
| ५२ | भुवाराम राई | २७६६/२१५७६ | ८७३ | आयुससुमा राई | १००१७२/००३६९ |
| ०४ | टिकबहादुर राई | २००५/२५२ | ६०९ | दिलकुमार पुर्कुटी | १०३००३/६०० |

**८. रकम विनियोजन सम्बन्धमा**

यस पाँचखपन नगरपालिका अन्तर्गत चालु आ.व. ०७८/७९ मा विभिन्न योजनामा कट्टा भएको कन्टेन्जेन्सी रकमबाट तपसिल बमोजिम योजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | स्यावुन प्रहरी चौकी जाने बाटो निर्माण | वडा नं. २ | ५०,०००। | |
| २ | कुसुवा दोभान कुलो मर्मत | वडा नं. १ | ५०,०००। थप | |
| ३ | बलेनी खेत सिंचाई | वडा नं. ३ | १,००,०००। | |
| ४ | सेतीकन्या आधारभूत विध्यालय | वडा नं. १ | ४०,०००। | |
| ५ | याङलिङ खोला मुहान हुदै श्रीनागी सिंचाई | वडा नं. ९ | ७०,०००। | |